राष्ट्रिय दैनिक

# समाचार दैनिक


जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ४५ २०८२ भदौ १८ गते बुधवार (03 May. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## मधेश प्रदेशको नेतृत्व अब लोसपाले गर्नुपर्छ : महन्थ ठाकुर



दैनिक समाचारदाता
सप्तरी, १७ भदौ । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले मधेश प्रदेशमा अब सरकार बनाउने पालो हाम्रो पार्टीको आएको बताउनुभएको छ ।

मधेश प्रदेशमा मधेशी दलहरूले साढे सात वर्षदेखि सरकारको नेतृत्व गरिसकेकोले अब नेतृत्व गर्ने पालो हाम्रो भएको उहाँले बताउनुभएको हो ।

राजविराजमा मङ्गलबार लोसपा सप्तरीले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्नुहुँदै अध्यक्ष ठाकुरले सात प्रदेश मध्ये तीन कांग्रेस, तीन एमालेले लिने र मधेश प्रदेश मधेशी दलहरूलाई दिने केन्द्रमा भएको सत्ता गठबन्धनबिचको सहमति अनुसार यो प्रदेशमा मधेशी दलले नै सरकार बनाउने हुँदा अब नेतृत्व गर्ने पालो लोसपाको रहेको दाबी गर्नुभयो ।

"मधेश प्रदेशमा कांग्रेस-एमाले दुई ठुला दल मिलेर पनि सरकार बन्ने स्थिति छैन्, मधेशी दलको पनि साथ चाहिन्छ र मधेशी दलहरूले नेतृत्व गरिसकेको छ त्यसैले अबको पालो हाम्रो हो" अध्यक्ष ठाकुरले भन्नुभयो, "अहिले तत्कालै मधेश प्रदेशमा सरकार परिवर्तनको सम्भावना छैन्, तर, रूपन्देहीको उप-चुनाव पछि परिवर्तनको सम्भावना छ ।"

उहाँले केन्द्रमा दुई ठुला दलको बहुमतको सरकार रहेकोले २०८४ सम्म चल्ने बताउनु हुँदै लोसपा सरकारमा रहेरै जनताको पक्षमा काम गर्ने स्पष्ट पार्नुभयो । सरकारमै रहेर शान्तिपुर्ण आन्दोलनमा पनि रहेको बताउनु हुँदै उहाँले अन्नको भण्डार मधेशमा भएको खडेरी र खानेपनी समस्याबारे सरकार र सदनमा पनि आवाज उठाउने काम आफूले गरिरहेको जानकारी दिनुभयो ।

प्रधानमन्त्रीसँगै आफुपनि मधेशको सुख्खाग्रस्त क्षेत्रको अवलोकन गरेको भन्दै उहाँले प्रधानमन्त्रीले पाँचसय डिप बोरिङ दिने घोषणा गरेर पनि अहिलेसम्म नदिएको प्रति असंतुष्टि पोख्नुभयो ।

सप्तरीका राजविराजमा बुधबार आयोजना हुने सङ्घीय लोकतान्त्रिक मोर्चाको कार्यक्रममा सहभागि हुन आइपुग्नुभएका अध्यक्ष ठाकुरले विगतमा भएको आन्दोलनबाट पहिचान पाएको तर अधिकार नपाएकोले मोर्चा बनाएर जनताबिच गइरहेको स्पष्ट पार्नुभयो ।

जनसङ्ख्याको आधारमा बजेट निर्माण हुनुपर्ने भन्दै अध्यक्ष ठाकुरले मधेश प्रदेश बाट जाने राजस्वको कम्तिमा पनि ३५ प्रतिशत पाउनुपर्ने धारणा राख्नुभयो । "मधेश प्रदेशबाट जाने राजस्वको २० प्रतिशत पनि मधेशमा अहिले सम्म आएको छैन" उहाँले भन्नुभयो ।

पत्रकार सम्मेलनमा लोसपाका वरिष्ठ उपाध्यक्ष जयप्रकाश ठाकुर, जिल्ला अध्यक्ष सुनिल झा सहित पार्टीका नेता कार्यकताहरूको उपस्थिति थियो ।

## ३४ लाखभन्दा बढीको माछाको भुरा बिक्री

वीरेन्द्र कर्ण
जनकपुरधाम, १७ भदौ । मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र जनकपुरधामले आर्थिक वर्ष २०८१/०८२ मा ३४ लाख २५ हजार ५ सय ३० रुपैया मूल्य बराबरको माछाको भुरा र खाने माछा बिक्री गरेको छ ।

नेपालमा उत्पादन हुने माछा मध्ये मधेश प्रदेशमा ५० प्रतिशत माछा यहाँबाट उत्पादन हुने गरेको छ । नेपालमा हाल वार्षिक रुपमा उत्पादन हुने १ लाख ४ हजार मे.टन माछा मध्ये मधेश प्रदेशमा मात्र ५३ हजार मे.टन माछा उत्पादन हुने गरेको छ ।

माछाको उत्पादन बढेपनि किसानहरुले लागत अनुसारको मूल्य पाउन सकेको छैन । माछा व्यवसायी संघका अध्यक्ष जंग बहादुर साहले मधेश प्रदेशलाई माछा पर्यटनको रुपमा विकास गर्न तीनै तहको सरकार गम्भीर हुनुपर्ने बताए ।



अहिल देशभरि जिउँदो माछाको माँग बढेको छ । मधेश प्रदेशमा नेपालको कूल उत्पादन मध्ये ६० प्रतिशत माछा उत्पादन भएपनि यहाँको माँगलाई धान्न सकिरहेको छैन । केन्द्रले अघिल्लो आर्थिक वर्षमा ४ करोड, ७५ लाख ५० हजार वटा ह्याचलिंग भुरा, ३२ लाख ६० हजार ४४० वटा फ्राई भुरा, १२ लाख ६२ हजार ३५७ वटा फिंगलिंग भुरा तथा २ हजार ९१ किलो खानेमाछा बिक्री गरेको छ ।

माछा क्षेत्रमा काम गर्ने जनशक्ति उत्पादन गर्ने उद्देश्यले सञ्चालित केन्द्रबाट उत्पादित माछाका भुरा अधिराज्यका १४ जिल्लामा जाने गरेको प्रमुख रविलाल शर्माले बताए । ३० जिल्लाका किसान तथा प्राविधिहरुलाई १२ पटक तालिम दिई सकेको छ । ४० वर्ष पुरानो सो केन्द्रमा जनशक्तिको कमी भौतिक तथा उत्पादन मुलक पूर्वाधार जीर्ण अवस्थामा रहेको छ । केन्द्रले चालु आर्थिक वर्षदेखि थाइल्याण्डबाट पंगास माछाको भुरा मगाएर माछा उत्पादन गर्ने नीति लिएको छ ।

## सिरहामा आमा-छोरा मृत भेटिए

दैनिक समाचारदाता
जनकपुरधाम, १७ भदौ । सिरहाको लहानमा आमा र छोरा मृत फेला परेको छन् ।

लहान नगरपालिका-१ मटिअर्वा घर भइ लहान नगरपालिका-१२ भोटिया टोलमा बस्दै आएकी २३ वर्षीया रञ्जिता चौधरी र उनका ५ वर्षीय छोरा एरोन मृत फेला परेका हुन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बिहान १० बजेतिर आमा कोठा भित्र सिलिङ पंखामा झुण्डिएको अवस्थामा र खाटमाथि जेठा छोरा एरोन मृत फेला परेका हुन् ।

नौ महिनाका कान्छो छोरा सिकिस्त अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । उनको सप्तऋषि अस्पतालमा उपचार भइरहेको छ ।

प्रहरीले आमा र छोराको शव प्रादेशिक अस्पताल लहानमा पोस्टमार्टमका लागि पठाएको जनाएको छ ।


घटनास्थलमा प्रहरी पुग्दा कोठा भित्रबाट चुकुल लगाइएको थियो । त्यही फल्याटमा बस्दै आएकाले खबर गरेपछि प्रहरी पुगेर ढोका खोलेको थियो ।

आमाले घरायसी विवादमा दुई छोरालाई विशेष खुवाएर आफैंले आत्महत्या गरेको हुन सक्ने प्रहरीको आशंका छ ।

## संघीय निजामती विधेयक राष्ट्रियसभाबाट पारित

दैनिक समाचारदाता
काठमाडौं १७ भदौ ।
बहुचर्चित सङ्घीय निजामती विधेयक राष्ट्रियसभाबाट पारित भएको छ ।
मंगलबारको बैठकले सर्वसम्मत विधेयक पारित गरेको हो ।
उक्त विधेयक गत असार १५ गते प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रियसभामा गएको थियो । प्रतिनिधिसभाले पठाएको ६० दिनभित्र सन्देशसहित फिर्ता पठाउने अन्तिम दिन विधेयक पारित भएको हो ।
यसअघि राज्य व्यवस्था समिति बैठकमा 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२' को कुलिङ पिरियडसम्बन्धी व्यवस्थामा त्रुटि भएको थियो । त्रुटिबारे छानबिन गर्न ७ सदस्यीय संसदीय विशेष छानबिन समिति समेत बनेको थियो । कांग्रेस सांसद जीवन परियारको संयोजकत्वमा गठित समितिका सदस्यमा कांग्रेसबाट सुशीला थिङ, नेकपा एमालेबाट ईश्वरी घर्ती र नारायण आचार्य, नेकपा (माओवादी केन्द्र)बाट माधव सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गणेश पराजुली तथा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रोशन कार्की रहेका थिए ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# मधेश प्रदेशमा कानून निर्माण र कार्यान्वयनको कमजोरी

मधेश प्रदेशमा कानून निर्माण र कार्यान्वयनको सवाल फेरि एकपटक सार्वजनिक बहसमा आएको छ। गृहमन्त्री समेत रहेका सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले नै बनेका कानूनी व्यवस्थाको कार्यान्वयन सन्तोषजनक नभएको स्वीकार गर्नु परिस्थितिको गम्भीर संकेत हो। सरकारले धेरै कानून अझै बनाउन बाँकी छ भन्ने तथ्य आफूबाटै स्वीकार गर्नु भनेको राज्य संयन्त्रले आफ्नो दायित्व पूरा गर्न सकेको छैन भन्ने प्रमाण हो।

संविधानले मौलिक अधिकारलाई विस्तृत रूपमा सुनिश्चित गरे पनि ती अधिकारहरूको कार्यान्वयन गर्ने निकाय अझै निर्माण नभएको अवस्थामा नागरिकका अधिकार कागजमै सीमित छन्। प्रदेश सांसद रामअशिष यादवले भनेझैं संवैधानिक अदालत गठन नगर्नु र ऐन-कानूनलाई प्रभावकारी बनाउन अध्ययन-परामर्श समिति नै नबनाउनु संघीयतामाथि गम्भीर प्रश्न हो। यसले मधेश प्रदेशमा संघीय शासन प्रणालीको सार्थकता नै कमजोर बनाइरहेको छ।

मानव अधिकार आयोग, मधेश प्रदेश कार्यालयका प्रमुख बुद्धनारायणी सहनीले उठाएको दलित सशक्तिकरण, शिक्षा, स्वास्थ्य र बालबालिकासम्बन्धी कानूनी कार्यान्वयनमा देखिएको कमजोरी विशेष चिन्ताको विषय हो। दलित र सीमान्तकृत समुदायप्रति राज्य संवेदनशील नभए संघीयता र संविधानको भावनै अपुरो रहन्छ। त्यस्तै, मानव अधिकारकर्मी, पत्रकार र कानूनी व्यवसायीहरूले असुरक्षा महसुस गर्नु लोकतन्त्रकै आधारलाई कमजोर बनाउने खालको चुनौती हो।

यस्तै, नेपाल पत्रकार महासंघका प्रतिनिधिहरूले भनेझैं कानूनी निर्माण प्रक्रियामा पारदर्शिता र जनसहभागिता अभाव छ। संघमा प्रधानमन्त्री वा मन्त्री, र प्रदेशमा मुख्यमन्त्री वा मन्त्रीको इच्छाअनुसार कानूनी प्रावधान बन्ने अवस्था लोकतान्त्रिक प्रक्रियाको अपमान हो। कानून प्रभावित समुदाय र सरोकारवालाको सुझावसहित बन्नुपर्छ, अन्यथा त्यसले वैधानिकता गुमाउँछ।

प्रदेशमा कानून निर्माण र कार्यान्वयनको कमजोरीलाई राजनीतिक अदूरदर्शिता र आन्तरिक उपनिवेशवादसँग पनि जोडेर हेरिएको छ। यो टिप्पणी हावादारी होइन, किनभने संवैधानिक अदालत जस्तो महत्वपूर्ण निकायको गठन नै नभई प्रदेशको कानूनी प्रणाली अधुरो छ भने नागरिकले न्याय र अधिकार कहाँबाट पाउने? यसबीच, इन्सेकले प्रस्तुत गरेको मानव अधिकारकर्मी संरक्षणसम्बन्धी विधेयक तत्काल पारित गर्नुपर्ने देखिन्छ। यसले राज्यलाई अतिरिक्त आर्थिक बोझ नदिने र मानव अधिकार क्षेत्रलाई सबल बनाउन मद्दत गर्ने भएकाले यो कदम ढिलो गर्नुको कुनै औचित्य छैन।

मधेश प्रदेशमा कानूनी प्रणालीको कमजोरी केवल प्रदेशको मात्र समस्या होइन, यो संघीय लोकतान्त्रिक अभ्यासकै कमजोरी हो। संविधानलाई समयानुकूल परिमार्जन गर्नु, प्रदेशसभाबाट बनेका कानूनहरूको कार्यान्वयन सुनिश्चित गर्नु, संवैधानिक निकाय गठन गर्नु र कानूनी प्रक्रियामा नागरिक सहभागिता बढाउनु आजको अत्यावश्यक कार्यसूची हो। अन्यथा संघीयताको अभ्यास नागरिकको जीवनमा न्याय, समानता र अधिकारका आधारमा अनुभूत हुने छैन।

# मधेसी नेतृत्व र बहिष्करणको राजनीति



ध्रुब झा

नेपालको राजनीतिक संरचना र शक्ति सन्तुलनको अध्ययन गर्दा स्पष्ट देखिन्छ कि मधेसी र अन्य सीमान्तकृत समूहहरूको प्रतिनिधित्व प्रणालीगत रूपमा न्यून छ । यो अवस्था नयाँ होइन, बरु दशकौं पुरानो समस्या हो, जसले राजनीतिक समावेशीकरण र न्यायको अवधारणालाई निरन्तर चुनौती दिइरहेको छ । मधेसी नेतृत्वविरुद्ध भएका कानुनी कारबाहीहरू, नेताहरूको किनारामा राखिनु, र मधेशका मुद्दाहरू राष्ट्रिय राजनीति र शक्ति संरचनामा प्रभावकारी रूपमा उठ्न नसक्नु यसको स्पष्ट उदाहरण हुन् ।

नेपालको राजनीतिक इतिहासमा मधेसी नेता महन्त ठाकुर, गजेन्द्र नारायण सिंह र उपेन्द्र यादव जस्ता व्यक्तिहरूले धेरै पटक आफ्नो राजनीतिक प्रभाव सीमित राखिएको अनुभव गरेका छन् । यसले देखाउँछ कि नेपालको राजनीतिमा प्रमुख भूमिका खेल्ने पहाडी खस-आर्य नेताहरू मधेशबाट कसैलाई राजनीतिक गतिविधिमा प्रवेश गर्न चाहँदैनन्। यद्यपि, यो केवल मधेसी नेताहरूको असफलता वा कमजोरीको परिणाम होइन, बरु संरचनात्मक र सांस्कृतिक असमानताको प्रतिफल हो। राजनीतिक निर्णयहरूमा मधेश र अन्य सीमान्तकृत क्षेत्रका आवाजहरू कम सुनिने हुँदा, तिनीहरूको मुद्दा राष्ट्रिय एजेन्डामा प्रभावकारी रूपमा राख्न कठिनाइ हुन्छ ।

मधेसी दलहरू आपसमा छरिएका छन् र पूर्ण रूपमा एकीकृत छैनन् । यसको परिणामस्वरूप, जतिसुकै राजनीतिक तौल र शक्ति भए पनि मधेसी नेतृत्व राष्ट्रिय राजनीतिक संरचनामा आफ्ना अधिकार र आवाजलाई मजबुतीसाथ स्थापित गर्न सक्दैन। दलहरूको आन्तरिक विभाजन, नेतृत्वगत असहमति र रणनीतिक दिशानिर्देशको अभावले मधेशलाई निरन्तर कमजोर बनाउँछ। यसले राजनीतिक समावेशीकरण र न्यायको सुनिश्चिततामा दीर्घकालीन चुनौती प्रस्तुत गर्दछ ।

मधेसी नेताहरू र दलहरूले एकीकृत भएर काम गर्न सके मात्र उनीहरूको मुद्दा प्रभावकारी रूपमा उठ्न सक्छ । राजनीतिक दृष्टिकोणबाट एकताबद्ध मधेशले आफ्नो स्वायत्तता, अधिकार र न्यायको सुनिश्चितता गर्न सक्छ। यदि उनीहरू आपसमा विभाजित रहन्छन् भने, बाहिरी शक्ति संरचनाहरूले यस विभाजनलाई अझ प्रगाढ पार्ने प्रयास गर्नेछन्। यसले राजनीति “फुटाऊ र शासन गर” शैलीको रूपमा प्रयोग हुने सम्भावना बढाउँछ। अर्थात् सत्ता र शक्तिको केन्द्रले विभाजन र असहमतिको माध्यमबाट आफ्नो प्रभुत्व कायम राख्ने रणनीति अपनाउने सम्भावना रहन्छ ।

नेपालमा न्याय प्रणालीले आदर्श रूपमा स्वतन्त्र र निष्पक्ष रहनुपर्छ। तर वास्तविकता यस्तो छैन । राजनीतिक दबाब र प्रभावले न्यायलाई कहिलेकाहीं प्रभावित पार्ने गर्दछ । प्रमुख राजनीतिक व्यक्तिहरूलाई कानुनी प्रक्रियामा तान्ने, मुद्दा उठाउने वा दबाब दिने कार्य राजनीतिक रणनीतिको रूपमा प्रयोग हुने गरेको छ। यसले न्यायको निष्पक्षता र प्रणालीगत समावेशीकरणमा प्रश्न उठाउँछ । न्याय प्रणाली केवल मधेशका वा कुनै समूहको मुद्दामा केन्द्रित भएर काम गर्न सक्दैन; यसले सबै समुदाय र नागरिकको अधिकार सुनिश्चित गर्नु पर्छ ।

प्रधानमन्त्री वा कुनै पनि उच्च राजनीतिक पदमा रहेका व्यक्तिहरूको जिम्मेवारी केवल व्यक्तिगत वा दलगत स्वार्थमा सीमित छैन । उनीहरूले सबै नागरिकलाई समान अवसर र न्याय सुनिश्चित गर्नुपर्छ । यसमा मधेसी, गैर-खस-आर्यन पहाडी, जनजाति र आदिवासी समूह सबैको समावेशीकरणको कुरा आउँछ । तर वर्तमान राजनीतिक अभ्यासमा मुख्य जिम्मेवारी खस-आर्यन पहाडी नेताहरूको नियन्त्रणमा केन्द्रित रहेकाले, मधेश र अन्य सीमान्तकृत समूहहरूको आवाज प्रभावकारी रूपमा राष्ट्रिय एजेन्डामा आएको छैन ।

मधेसी नेतृत्वविरुद्ध हुने कानुनी कारबाही केवल व्यक्तिगत नेताविरुद्धको कदम होइन, बरु यो व्यापक संरचनात्मक असमानता र मधेशको राजनीतिक प्रभावलाई कमजोर पार्ने रणनीतिको हिस्सा हुन सक्छ। यसले समाजमा स्पष्ट सन्देश दिन्छ कि मधेश र सीमान्तकृत समूहहरूले राजनीतिक रूपमा प्रभावकारी हुन सक्दैनन् । यस्तो सन्देशले समुदायमा निराशा र असुरक्षा बढाउँछ, र राजनीतिक सक्रियता कम हुन सक्छ ।

तर, यो अवस्था स्थायी होइन । मधेसी समुदाय र दलहरूले आपसमा एकता कायम गर्न सकेको खण्डमा, उनीहरूको मुद्दा प्रभावकारी रूपमा राष्ट्रिय एजेन्डामा प्रवेश गर्न सक्छ । राजनीतिक एकता, साझा रणनीति र दीर्घकालीन दृष्टिकोणले मात्र प्रणालीगत असमानता चुनौती दिन सक्छ। यसै कारण, मधेसी नेताहरू र दलहरूले एकीकृत भएर काम गर्नु अति आवश्यक छ ।

नेपालको राजनीतिक प्रणालीमा न्याय र शक्ति संरचनाको स्वतन्त्रता सुनिश्चित गर्नु चुनौतीपूर्ण छ । तर यो आवश्यक छ कि न्याय केवल राजनीतिक स्वार्थ पूर्ति गर्ने औजार बन्न नपरोस्। सबै नागरिक, विशेषगरी सीमान्तकृत समुदाय, न्यायमा समान पहुँच पाउनुपर्छ । यसको लागि संविधानमा लेखिएको कानुनी व्यवस्थालाई कार्यान्वयन गर्नु, न्यायिक स्वतन्त्रता कायम राख्नु र राजनीतिक दबाबबाट मुक्त राख्नु अनिवार्य छ ।

यसले मात्र मधेश र अन्य सीमान्तकृत समूहहरूको राजनीतिक अधिकार सुनिश्चित हुन्छ र न्यायको प्रणाली सुदृढ बनाइन्छ। राजनीतिक नेतृत्व, दलहरू र नागरिकले मिलेर समान प्रतिनिधित्व, अधिकार र न्याय सुनिश्चित गर्न सके मात्र नेपालको लोकतन्त्रले सबैको लागि न्याय र समावेशीकरणको वास्तविकता प्रस्तुत गर्न सक्छ ।

समग्रमा, मधेसी नेतृत्वविरुद्धका कानुनी र राजनीतिक कदमहरू केवल व्यक्तिगत नेताविरुद्धको मात्र होइन, समाजका सीमान्तकृत समूहहरूको अधिकार र राजनीतिक समावेशीकरणलाई प्रभावित पार्ने संरचनात्मक चुनौतीको प्रतिनिधित्व हुन् । यसले स्पष्ट देखाउँछ कि नेपालमा राजनीतिक समावेशीकरण र न्याय सुनिश्चित गर्नु केवल व्यक्तित्वको जिम्मेवारी होइन, बरु संरचनागत परिवर्तन, दलहरूको एकता, न्यायिक स्वतन्त्रता र सबै समुदायको समान सहभागिताको माध्यमबाट सम्भव छ ।

मधेसी र अन्य सीमान्तकृत समुदायहरूले आफ्नो आवाज र अधिकारको रक्षा गर्न एकजुट रहनुपर्नेछ । दीर्घकालीन दृष्टिकोण, साझा रणनीति र राजनीतिक एकताले मात्र प्रणालीगत असमानता चुनौती दिन सक्छ र न्यायपूर्ण, समावेशी र समान लोकतन्त्रको स्थापना गर्न सकिन्छ ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# चीनले बनाउँदैछ बच्चा जन्माउने रोबोट

आधुनिक विज्ञान तथा प्रविधिको क्षेत्रमा चीनले गरिरहेको चमत्कारमा एउटा नयाँ अध्याय लेखिँदैछ ।


एक चिनियाँ कम्पनीले विश्वकै पहिलो मानव रोबोट तयार पार्दैछ, जसले भाडाको आमाको रुपमा अरुको बच्चा कोखमा राखेर जन्माइदिनेछ ।

चिनियाँ रोबोटिक्स कम्पनीले विश्वकै पहिलो त्यस्तो सरोगेट रोबोटको निर्माण सम्पन्न गर्न थालेको समाचारले एकसाथ चर्चा तथा विवाद उत्पन्न गरेको छ ।

यहीं अगष्ट ८ मा चिनियाँ विज्ञान तथा प्रविधि सम्बन्धी पत्रिका कुआई के भ्फीले डा.झाङ्ग क्विफेंगको अन्तर्वार्ता प्रकाशन गऱ्यो । सिंगापुरस्थित नानयाङ्ग प्रविधि विश्वविद्यालयबाट विद्यावारिधि गरेका झांग काइवा टेक्नोलोजी नामक रोबोटिक्स स्टार्टअपका सीईओ हुन् । उक्त कम्पनीले गर्भाधारण गरेर बच्चा जन्माउन सक्ने रोबोट निर्माणमा काम गरिरहेको छ ।

आफ्नो अन्तर्वार्तामा उनले आफ्नो कम्पनी विश्वकै पहिलो ह्युमानोइड प्रेग्नेन्सी रोबोटको निर्माण सम्पन्नको निकै नजिक पुगेको बताएका छन् । उक्त रोबोटको पेटमा कृत्रिम गर्भाशय हुनेछ ।

वास्तवमा रोबोटिक्स प्रविधिको क्षेत्रमा तथा समग्र मानव इतिहासमै क्रान्तिकारी परिवर्तन ल्याउने ठानिएको यो रोबोट सामान्य इन्कुबेटर भन्दा निकै फरक हुनेछ । यो रोबोटले महिलाले जस्तै आफ्नो गर्भाशयमा १० महिनासम्म गर्भाधारण गरेर महिलाले जीवित बच्चा जन्माउन सक्नेछ।



यो सरोगेट रोबोटको सबैभन्दा महत्वपूर्ण अंग भनेकै कृत्रिम पाठेघर हो । उक्त कृत्रिम पाठेघरमा प्रत्यारोपित भ्रूणलाई वास्तविक पाठेघरभित्र जस्तै एम्नियोटिक तरलमा हुर्काइनेछ र बच्चाको नालसँग जोडिएको ट्युबमार्फत् पोषक तत्वहरू आपूर्ति गरिनेछ ।

डा. झाङ्गका अनुसार यो कृत्रिम पाठेघरले हालसम्म जनावरहरूमा परीक्षण गर्दा राम्रो सफलता प्राप्त गरिसकेको छ । आगामी एक वर्षभित्रमा यो रोबोटको निर्माण सम्पन्न भएर बजारमा पठाइने र यसको मूल्य १ लाख युआन अर्थात् करीब १४ हजार डलर रहने बताइएको छ ।

अन्तरवार्ताका क्रममा झांगले भन्छन्, 'कृत्रिम पाठेघर प्रविधि परिपक्व अवस्थामा पुगिसकेको छ । र, अब यसलाई रोबोटको पेटमा प्रत्यारोपित गर्नु पर्नेछ ताकि रोबोटले गर्भाधारण गर्नका लागि अन्तरक्रिया गर्न सकोस् । तत्पश्चात् उक्त कृत्रिम पाठेघरभित्रै भ्रूण वृद्धि हुनेछ ।'

यद्यपि डिम्ब र शुक्रकिट कसरी फर्टिलाइज गर्ने र त्यसलाई कृत्रिम पाठेघरमा कसरी प्रत्यारोपण गर्ने हो भन्ने विषयमा उनले थप विवरण दिएका छैनन् ।

कृत्रिम पाठेघर भएको रोबोट बारेको डाक्टर झांगको अन्तरवार्ता प्रकाशित भएसँगै त्यसले चिनिया सोसल मिडियामा सनसनी मच्चाएको छ । साथै यसले ठूलो चर्चा र विवाद पनि सिर्जना गरेको छ ।

आलोचकहरुले यो प्रविधि अप्राकृतिक रहेको भन्दै क्रूर र अनैतिक भएको हुनाले यसले भ्रूणलाई आफ्नो प्राकृतिक आमासँग जोडिनबाट बञ्चित गराउने टिप्पणी गरेका छन् ।

तथापि प्राकृतिक रुपमा गर्भाधारण गर्न नसकेका र कृत्रिम गर्भाधानबाट समेत सन्तानलाभ प्राप्त गर्न नसकेका व्यक्तिहरुबाट भने यो प्रविधिले व्यापक समर्थन प्राप्त गरेको देखिन्छ। साथै यो प्रविधिले महिलाहरुलाई गर्भधारण सम्बद्ध बन्देजहरुबाट मुक्त गर्ने कतिपयको मत छ ।

एकजनाले सोसल मिडियामा लेखेका छन्ः यदि यसको मूल्य मेरो वार्षिक तलबको आधा भएपनि मैले किन्नेछु ।

यसका साथै गर्भाधारण गरेर बच्चा जन्माउन सक्ने विश्वकै पहिलो रोबोटका विषयमा अनलाइनमा ठूलो उत्साह देखिएको भएपनि चिकित्सा विज्ञहरुले भने उक्त प्रविधिको क्षमताप्रति आशंका व्यक्त गरेका छन् । मानिसमा गर्भ अवधिमा हुने निकै संवेदनशील र जटिल आयामहरुलाई एउटा रोबोटले पूरा गर्न सक्नेमा उनीहरु विश्वस्त छैनन् । आमाले गर्ने हर्मोनको उत्सर्जन, रोग प्रतिरोधी प्रणालीको अन्तरक्रिया र स्नायुजन्य विकास जस्ता गर्भावस्थामा हुने परिघटनाहरु रोबोटको सरीरभित्र हुन सम्भव नरहेको कतिपयको भनाई छ । एजेन्सीको सहयोगमा

## 'सीमा विवाद वार्ताबाट समाधान गर्नुपर्छ'

मोरङ, १७ भदौ । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले मित्र राष्ट्र भारतसँगको सीमा विवाद वार्ता एवं संवादबाट समाधान



गर्नुपर्ने बताउनुभएको छ ।

सो पार्टीको मोरङ कमिटीद्वारा आज विराटनगर मा आयोजित पत्रकार सम्मेलनमा उहाँले भारतसँगको सुदूरपश्चिमको सीमाको कालापानी, लिपुलेक र लिम्पियाधुरा विवाद वार्ता एवं संवादबाट समाधान गर्न सुझाव दिनुभयो । अध्यक्ष महतोले सरकारले मुलुकमा बसोबास गर्ने सम्पूर्ण जातजातिको भाषा, वेशभूषा, धर्म एवं संस्कृतिको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

मुलुकका दलहरूले जनताको समृद्धिको चाहना पूरा गर्न एकजुट भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । सात प्रदेशको सीमाङ्कन अवैज्ञानिक भएकाले यसमा सुधार आवश्यक रहेको धारणा अध्यक्ष महतोले राख्नुभयो । उहाँले सङ्घीयतामा सुधार गरी आदिवासी जनजाति, मधेसी, थारुलगायतको पहिचान स्थापित गर्नुपर्नेमा जोड दिनुभयो । रासस

## अब दैनिक २ घण्टामात्र मोबाइल चलाउन पाइने

सहरबासीहरू मोबाइल फोनको लतमा फसेर दिनभर फोनको स्क्रिनमा झुण्डिन थालेपछि जापानको टोयोआके सहरले नयाँ नियम लागू गर्ने भएको छ ।

आइची प्रान्तस्थित टोयोआके सहरले नयाँ विधयेकको मस्यौदा तयार पारेको छ, जस अनुसार सहरबासीले आफ्नो काम र विद्यालय बाहिरको समयमा अधिकतम २ घण्टासम्म मात्रै मोबाइल फोन चलाउन पाउनेछन् । यद्यपि उक्त नियम उल्लंघन गर्नेलाई सजायको कुनै प्रावधान भने कानूनमा राखिएको छैन । नयाँ कानून अन्तरगत नगर सरकारले नागरिकहरूलाई आफ्नो स्क्रिन टाइम दैनिक २ घण्टामा सीमित पार्न आग्रह गर्नेछ ।

मस्यौदा विधेयक अनुसार उक्त स्क्रिन टाइमको सीमा सबै सहरबासीका लागि लागू हुने भएपनि बाध्यकारी भने छैन र सीमा उल्लंघनमा जरिवानाको प्रावधान पनि राखिएको छैन ।

शुक्रबार जारी गरेको विज्ञप्तिमा टोयोआकेका मेयर मासाफुमी कोकीले भनेका छन् : यो प्रस्तावको उद्देश्य मोबाइल फोनको अत्यधिक प्रयोगलाई रोक्नु हो, जसले अनिद्रा लगायतका शारीरिक तथा मानिसक स्वास्थ्य समस्या निम्त्याएको छ ।

उक्त कानूनमा प्राथमिक विद्यालयका जाने उमेरका बालबालिकाहरुलाई रातको ९ बजेपछि फोन हेर्न नदिन



सिफारिस गरिएको छ भने माध्यामिक विद्यालयका विद्यार्थी र त्यसभन्दा माथिकालाई राति १० बजेपछि फोन नचलाउन अनुरोध गरिएको छ ।

तर उक्त प्रस्तावित कानून प्रारम्भमै आलोचनाको सिकार भएको छ । धेरैले त्यस्तो कानूनलाई अवास्तविक भन्दै दिनमा केवल २ घण्टामात्रै फोन चलाउने कुरा असम्भव रहेको बताएका छन् । एकजना एक्स प्रयोगकर्ताले लेखेका छन्ः दुई घण्टामा त म मेरो फोनमा किताब पढ्न वा मुभी हेर्न पनि भ्याउँदिनँ ।

स्मार्टफोन प्रयोगको सीमाको विषय सरकारले नियम कानूनबाट तोक्नेभन्दा हरेक परिवारले आफ्नो सहजता र फाइदाका लागि गर्ने निर्णय भएको धेरैको मत छ ।

यस्तो आलोचनापछि मेयर मासाफुमीले विधेयकको बारेमा प्रष्ट पार्दै दुई घण्टा स्मार्टफोन प्रयोगको सीमा बाध्यकारी नभएको भन्दै नयाँ कानूनले स्मार्टफोन उपयोगी तथा जीवनको अभिन्न हिस्सा भएको कुरालाई समेत मनन गरेको बताएका छन् ।

यो कानून नगरसभामा आगामी हप्ता पेस हुनेछ र पारित भएमा आगामी अक्टोबरदेखि लागू हुने बताइएको छ ।

स्मरण रहोस् सन् २०२० मा जापानको कागावा प्रान्तीय सरकारले डिजिटल ग्याजेट प्रयोगको सीमा तोक्दै नियम लागू गरेको थियो । जसमा बालबालिकाका लागि दैनिक १ घण्टा तथा बिदाको दिनमा ९० मिनेट मात्रै गेमिङ गर्न पाउने नियम थियो । साथै १२ देखि १५ वर्ष उमेरका बालबालिकालाई रातको ९ बजेपछि तथा १५ देखि १८ वर्ष उमेरका लागि रातको १० बजेपछि स्मार्टफोन प्रयोगमा बन्देज लगाउन सुझाव दिएको थियो ।जपानमा एक व्यक्तिले औषतमा दैनिक ५ घण्टा स्मार्टफोनमा बिताउने गरेको त्यहाँको बाल तथा परिवार एजेन्सीले मार्च महिनामा प्रकाशित गरेको रिपोर्टले देखाएको छ ।जापान टाइम्सबाट

## विश्वकै सबैभन्दा जटिल घडी : स्विस कम्पनीको अनौठो चमत्कार

स्विस घडी निर्माता कम्पनी भ्याचेरोन कन्स्ट्यान्टिनले तयार पारेको नयाँ घडीले विश्वको ध्यान तानेको छ । 'लेस क्याबिनोटियर सोलेरिया अल्ट्रा ग्रान्ड कम्प्लिकेसन' नाम दिइएको घडीले विश्वलाई नै चकित पारेको हो ।

यस घडीलाई अहिलेसम्म बनेका सबै मेकानिकल हाते घडीमध्ये सबैभन्दा जटिल मानिएको छ । स्विट्जरल्याण्डको वाचेज एन्ड वन्डर्स व्यापार मेलामा सार्वजनिक गरिएको यो घडी हम्मरले हिर्काएको जस्तो आवाज आइरहन्छ । घडीले तीन प्रकारका समय देखाउँछ । जसमा सामान्य २४ घण्टे दिन, सिडरल समय र सौर्य दिन रहेका छन् । सिडरल समय पृथ्वीले आफ्नो अक्षमा घुम्न लाग्ने समय हो, जुन क्यालेन्डर दिनभन्दा करिब चार मिनेट छोटो हुन्छ । अनि सोलार डेमा पृथ्वीको कक्ष अनुसार मिलाइएको हुन्छ ।

त्यस्तै यो घडीले सूर्यको स्थिति, उचाइ, बाटो र पृथ्वीको भूमध्यरेखाको सापेक्षमा त्यसको



आफ्ना फिचरहरूका कारण जटिल बनेको हो ।

बताइए अनुसार यस घडीमा ४१ वटा जटिल फिचरहरू रहेका छन् । जुन आफैंमा एउटा रेकर्ड भएको कम्पनीले जनाएको छ । त्यस्ता फिचरहरूलाई घडीको विज्ञान (होरोलोजी)मा कम्प्लिकेसन भनिन्छ, जसले सामान्य समय देखाउने कार्यभन्दा बाहिरका विशेष काम गर्छ ।

यस घडीमा १ हजार ५२१ वटा अलग-अलग भागहरू रहेका छन् । कम्पनीले यो घडीलाई सुरक्षित राख्न १३ वटा पेटेन्टका लागि आवेदन दिइरहेको छ । तीमध्ये सातवटा पेटेन्ट ध्वनि प्रणालीसँग सम्बन्धित छन् ।किनकि यो घडीमा

कोण ट्र्याक गर्ने खगोलीय कार्यहरू गर्न सक्छ । यसबाट १३ वटा ताराहरू समेत ट्र्याक गर्न सकिन्छ । घडीबाटै आकाशमा ती ताराहरू अर्को पटक कहिले देख्न सकिन्छ भनेर देखाउन हेर्न मिल्ने बताइएको छ । घडी निर्माता कम्पनीले यसलाई 'आविष्कारको उत्कृष्ट नमूना' भनेको छ । उसलाई यो घडी बनाउन आठ वर्ष लागेको थियो । यो घडीको बाहिरी भाग १८ क्यारेटको सेतो सुनबाट बनेको छ भने त्यसमा २०० भन्दा बढी रत्नहरू जडिएका छन् । ४५ मिलिमिटर मात्र व्यास भएको यो घडी बनाउने कम्पनीले यसअघि पनि सबैभन्दा जटिल पकेट घडी बनाउने रेकर्ड राखेको थियो ।



# नेपालसँग श्रम सम्झौता भएका देशहरूमा हुलाक सेवा सम्झौता गर्नुपर्छ : सञ्चारमन्त्री

दैनिक समाचारदाता
काठमाडौँ, १७ भदौ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपालसँग श्रम सम्झौता भएका देशहरूमा अनिवार्य रूपमा हुलाक सेवा सम्झौता गर्नुपर्ने बताउनुभएको छ ।

हुलाक सेवा विभागले आज यहाँ आयोजना गरेको वार्षिक प्रगति समीक्षामा उहाँले हुलाकको व्यावसायिक सम्भावना 'पार्सल डेलिभरी' भएको बताउँदै विदेशमा रहेका नेपालीसम्म यो सेवा विस्तार गर्न श्रम सम्झौता भएका देशमा हुलाक पुग्नुपर्नेमा जोड दिनुभयो । पार्सल सेवालाई भरपर्दो बनाउन जरुरी भएको उहाँले बताउनुभयो ।



मन्त्री गुरुङले सबै पालिकालाई 'डिजिटलाइजेसन' गर्न र 'स्मार्ट' हुलाक कार्यालय सञ्चालन गर्न निर्देशन दिँदै उहाँले भन्नुभयो, "अब हुलाक स्मार्ट हुनुपर्छ, सूचना प्रविधिको अधिकतम उपयोग गरी समयअनुसार रुपान्तरण हुनुपर्छ ।"

सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले हुलाक सेवालाई प्रभावकारी बनाउन विभागलाई आवश्यक पर्ने पूर्वाधार निर्माण एवं आवश्यकता अनुसार अन्य सहयोग गर्न आफू सधैँ सकारात्मक रहेको बताउनुभयो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले हुलाकको विगतको गौरवपूर्ण गाथालाई आत्मसात् गर्दै हुलाकलाई युगानुकूल बनाउन ऐन, कानुन परिमार्जन थालिएको बताउनुभयो । हुलाकका प्रशासनिक एवं व्यवस्थापकीय व्यवधान हटाउन आफू सदैव तत्पर रहेको उहाँले बताउनुभयो ।विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीले हुलाक सेवालाई स्मार्ट बनाउन आफू लागिपरेको बताउनुभयो । त्यस अवसरमा विभागका निर्देशक ध्वराज आचार्यले विभागको गतिविधिबारे जानकारी दिनुभएको थियो ।

# रुसमा दुई हजार उत्तर कोरियाली सैनिक मारिएको दाबी

सियोल, १७ भदौ । युक्रेनसँगको युद्धमा रुसलाई सहयोग गर्न पठाइएका करिब दुई हजार उत्तर कोरियाली सैनिक मारिएको अनुमान गरिएको सियोलको गुप्तचर निकायले मङ्गलबार जानकारी दिएको छ ।

सियोलको नेसनल इन्टेलिजेन्स सर्भिस (एनआइएस) ले गत अप्रिलमा 'युद्धमा मारिएका सैनिकहरूको सङ्ख्या कम्तीमा छ सय थियो' भन्ने तथ्याङ्क प्रस्तुत गरेको थियो । तर ताजा मूल्याङ्कनअनुसार गरिसकेका छन् भन्ने अनुमान गरिएको छ", सांसद लीले भन्नुभयो ।

यस वर्षको सुरुमा, रुसका विदेशमन्त्री सर्गेइ लाभरोभले पनि उत्तर कोरियाले कुर्स्क क्षेत्रमा निर्माणकर्ताहरू र विस्फोटक हटाउने प्राविधिकहरू पठाउने बताउनुभएको थियो ।

उत्तर कोरियाले अप्रिलमा मात्र युक्रेनमा रुसको युद्धलाई समर्थन गर्न सेना पठाएको स्वीकार गरेको थियो र आफ्ना केही सैनिकहरू



अब मृतकको सङ्ख्या करिब दुई हजार पुगेको अनुमान गरिएको सांसद ली सेओङ-क्वेनले जासुसी एजेन्सीबाट ब्रिफिङ पाएपछि पत्रकारहरूलाई बताउनुभयो ।

दक्षिण कोरिया र पश्चिमी गुप्तचर निकायहरूले उत्तर कोरियाले सन् २०२४ मा १० हजारभन्दा बढी सैनिक रुसमा पठाएको जनाएका छन् । ती सैनिकहरू मुख्यतया कुर्स्क क्षेत्रमा तैनाथ गरिएका थिए । त्यहाँ उनीहरूले तोपगोला, क्षेप्यास्त्र र लामो दूरीका रकेट प्रणाली प्रयोग गरेका थिए ।

सांसद लीका अनुसार प्योङयाङले थप छ हजार सैनिक तथा इन्जिनियरहरू रुसमा पठाउने योजना बनाएको छ । तीमध्ये करिब एक हजार हालसालै आइपुगेको एनआइएसले विश्वास गरेको छ । "हालैको छ हजार सैनिकको तेस्रो तैनाथी योजनामध्ये करिब एक हजार लडाकू इन्जिनियरहरू रुसमा प्रवेश लडाइँमा मारिएको पुष्टि गरेको थियो ।

त्यसबेलादेखि नेता किम जोङ उनले रुसतर्फ लडिरहेका सैनिकहरूको परिवारसँग भेट गर्दै उनीहरूको 'असहनीय पीडा' का लागि समवेदना व्यक्त गर्नुभएको थियो । राज्य सञ्चालित मिडियाले किमले फर्केका सिपाहीलाई अँगालेको र ती सैनिकहरू भावनामा अभिभूत हुँदै नेताको छातीमा टेकेर रोइरहेको तस्बिरसमेत प्रकाशित गरेको छ । त्यसैगरी, एक शहीद सैनिकको तस्बिर अगाडि घुँडा टेकेर श्रद्धाञ्जलि अर्पण गर्दै मृतकको तस्बिरसँगै पदक र फूलहरू राखिएको दृश्य पनि सार्वजनिक गरिएको छ ।

रुस र उत्तर कोरियाले गत वर्ष रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको उत्तर कोरियाली दुर्लभ भ्रमणका क्रममा आपसी रक्षा खण्डसहित सैन्य सहयोग सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो । रासस/एएफपी

# सर्लाहीमा फरक क्षमता भएका बालबालिकाका लागि शिक्षक तालिम सम्पन्न

दैनिक समाचारदाता
सर्लाही, १७ भदौ । नेपाल सरकारको साझेदारीमा, युनिसेफ नेपाल तथा युरोपियन युनियनको सहयोगमा "गुणस्तरीय सिकाइका लागि स्थानीय तह तथा विद्यालयहरूको क्षमता अभिवृद्धि कार्यक्रम" अन्तर्गत समावेशी शिक्षा, फरक क्षमता पहिचान र व्यक्तित्व शैक्षिक योजना सम्बन्धी पाँचदिने शिक्षक तालिम सम्पन्न भएको छ ।




लालबन्दी नगरपालिकाका १५ विद्यालयका ३० जना शिक्षकलाई लक्षित गरी सञ्चालन गरिएको तालिम यहि भदौ १३ देखि १७ गतेसम्म बारास्थित शैक्षिक तालिम केन्द्रमा सम्पन्न भएको हो । तालिमको उद्घाटन पिपल प्रोमोट सेन्टरका कार्यकारी सदस्य नेम्बर रायले स्वागत मन्तव्यसहित गर्नुभएको थियो ।

तालिमलाई शैक्षिक तालिम केन्द्र बर्दिवासका अधिकृत मुनिलाल प्रसाद चौहान तथा रोस्टर प्रशिक्षक खड्क बहादुर श्रेष्ठ र रामसिंहसन यादवले सहजीकरण गर्नुभएको थियो । प्रशिक्षकहरूले फरक क्षमता भएका बालबालिकालाई औपचारिक पठनपाठनबाट वञ्चित हुन नदिई, उनीहरूको आवश्यकता पहिचान गरेर नियमित विद्यालयमा अध्ययन गराउन स्थानीय सरकार र सामाजिक संयन्त्रले सकारात्मक सहयोग गर्नुपर्नेमा जोड दिएका थिए ।

शिक्षाविद् सितेश तिवारीले बालबालिकालाई राष्ट्रको सुन्दर बगैँचासँग तुलना गर्दै बालअधिकार संरक्षण र उत्थानलाई अनिवार्य बताएका थिए। उनले फरक क्षमतालाई अभिशाप नभई अवसरका रूपमा स्वीकार गर्दै, बालबालिकाको लागि वैकल्पिक शैक्षिक सामग्री निर्माण गरेर गुणस्तरीय शिक्षा सुनिश्चित गर्नुपर्नेमा बल दिएका थिए।

त्यस्तै, पिपल प्रोमोट सेन्टरका अध्यक्ष कमलेश कुमार मण्डलले तालिमको महत्व र आगामी कार्ययोजना बारे प्रकाश पार्दै फरक क्षमता भएका बालबालिकाको पनि शैक्षिक गुणस्तर उन्नयन तथा अधिकार संरक्षण गर्न जरुरी रहेको बताए। उनले व्यक्तित्व शैक्षिक योजना तयार गरेर गुणस्तरीय शिक्षा मार्फत बालबालिकाको भविष्य सुरक्षित र संरक्षित गर्न सकिने विश्वास व्यक्त गरेका छन् ।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नु
www.esamachardainik.com

# प्रचण्ड र माधवबिच भेटवार्ता

दैनिक समाचारदाता
काठमाडौँ १७ भदौ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालबिच भेटवार्ता भएको छ ।



नेकपा एसको पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा मंगलबार उनीहरूबिच भेटवार्ता भएको नेकपा एकीकृत समाजवादीका उपमहासचिव रामकुमार भट्टराईले बताए ।

उनका अनुसार बैठकमा समाजवादी मोर्चालाई मोर्चालाई सक्रिय बनाउने,बाम एकताका लागि पहल गर्ने विषयमा छलफल भएको हो ।

त्यस्तै पार्टीभित्र देखिएका असमझदारीलाई निराकरण गर्ने विषयमा पनि छलफल भएको उपमहासचिव भट्टराईले बताए ।

बैठकमा नेकपा माओवादी केन्द्रका महासचिव देव गुरुङ,नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डे लगायत सहभागी थिए ।


- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, ७४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३७४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४